विधेयक संख्याः

# सुरक्षण मुद्रण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

संघीय संसद सचिवालय

संसद भवन

सिंहदरबार

## उद्देश्य र कारण

नेपालको संविधान बमोजिम संघको एकल अधिकारक्षेत्र भित्र रहेको "सुरक्षित छापाखाना" स्थापना गर्न तथा सुरक्षण मुद्रण सामग्रीको देशभित्र नै सुरक्षित, भरपर्दो र गुणस्तरीय मुद्रण गर्न सुरक्षण मुद्रण केन्द्रको स्थापना तथा सञ्चालन गर्ने सम्बन्धमा उपयुक्त कानूनी व्यवस्थाको लागि संघीय संसदबाट कानून निर्माण गर्न आवश्यक भएकोले "सुरक्षण मुद्रण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" पेश गरेको छु।

१५ असार, २०७७
काठमाडौं ।

(डा. युवराज खतिवडा)
मन्त्री
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरवार, काठमाडौं

# आर्थिक टिप्पणी

सुरक्षण मुद्रण सामग्रीको देशभित्र नै सुरक्षित, भरपर्दो र गुणस्तरीय मुद्रणको लागि सुरक्षण मुद्रण केन्द्रको स्थापना तथा सञ्चालन गर्न आवश्यक व्यवस्था गर्ने गरी "सुरक्षण मुद्रण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" तयार भएको छ। यस विधेयकमा सुरक्षण मुद्रण केन्द्रको स्थापना गरी सुरक्षण मुद्रणको कार्य संचालन गर्ने व्यवस्था रहेको तथा सुरक्षण मुद्रणको कार्य गरे बापत प्राप्त हुने शुल्क, नेपाल सरकारबाट प्राप्त अनुदान र अन्तर्राष्ट्रिय संघसंस्थाबाट प्राप्त सहयोग रकम रहने गरी सुरक्षण मुद्रण केन्द्रको छुट्टै कोष रहने र केन्द्रको तर्फबाट गरिने सम्पुर्ण खर्च कोषमा जम्मा भएको रकमबाट व्यहोरिने व्यवस्था गरिएकोले यस विधेयकको कार्यान्वयनबाट नेपाल सरकारलाई सालबसाली रुपमा आर्थिक व्ययभार पर्ने देखिन्छ ।

(डा. युवराज खतिवडा)
मन्त्री
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरवार, काठमाडौं

## प्रत्यायोजित विधायन सम्बन्धी टिप्पणी

प्रस्तुत विधेयकमा रहेको प्रत्यायोजित विधायन सम्बन्धी टिप्पणी देहाय बमोजिम पेश गरिएको छः-

| क्र.सं | दफा | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्योजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १ | दफा ५ को खण्ड (ज) | केन्द्रको काम कार्तव्य र अधिकार लाई थप गर्न काम, कर्तव्य र अधिकारमा थप गर्न | ऐनमा लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त ऐन अन्तर्गत बन्ने नियमावलीले केन्द्रको थप काम, कर्तव्य र अधिकार स्पष्ट गर्ने । | केन्द्रको काम, कर्तव्य र अधिकारमा थप प्रष्टता आई कार्य संचालनमा सहज हुने । |
| २ | दफा ७ को खण्ड(च) | सञ्चालक समितिको काम, कर्तव्य र अधिकारमा थप गर्न | सञ्चालक समितिको काम, कर्तव्य र अधिकार यस ऐनमा उल्लेख भएको भन्दा अतिरिक्त यस ऐन अन्तर्गत बन्ने नियमावलीले सञ्चालक समितिको काम, कर्तव्य र अधिकारमा थप स्पष्ट गर्ने । | सञ्चालक समितिको काम, कर्तव्य र अधिकारमा थप प्रष्टता आई कार्य संचालनमा सहज हुने । |
| ३ | दफा ८ को उपदफा (८) | सञ्चालक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सञ्चालक समिति आफैले निर्धारण गर्न | सञ्चालक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सञ्चालक समिति आफैले निर्धारण गरी कार्यविधि बनाउने । | सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि निर्धारण भएको हुने । |
| ४ | दफा १२ को उपदफा (३) | सुरक्षण मुद्रणको प्रविधि, सुरक्षण मुद्रण सामग्री तथा चिन्हको छनौट सम्वन्धी अन्य व्यवस्था गर्न। | सुरक्ष मुद्रणको प्रविधि, सुरक्षण मुद्रण सामग्री तथा चिन्हको छनौट गर्दा उपयुक्त प्रविधि प्रयोग हुनेगरी तथा आपसी सहमतिबाट गर्ने व्यवस्था नियमावलीले गर्ने । | सुरक्ष मुद्रणको प्रविधि, सुरक्षण मुद्रण सामग्री तथा चिन्हको छनौट गर्दा उपयुक्त प्रविधि प्रयोग हुनेगरी तथा आपसी सहमतिबाट गर्न सहज हुने । |
| ५ | दफा १५ को उपदफा (५) | ऐनले केन्द्रको कोष र कोष सञ्चालन सम्बन्धि केही व्यवस्था गरेकोमा कोष सञ्चालनका अन्य व्यवस्था थप गर्न आवश्यक रहेको | केन्द्रको कोष सञ्चालनका अन्य व्यवस्था ऐन अन्तर्गत वन्ने नियमावलीले गर्ने । | केन्द्रको कोष सञ्चालनका अन्य व्यवस्था स्पष्ट भई कोष सञ्चालनमा सहजता हुने । |

| | | | | |
|---|---|---|---|---|
| ६ | दफा १७ को उपदफा (२) | ऐनले केन्द्रले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र वार्षिक प्रतिवेदन पेशगर्ने सम्वन्धी केही व्यवस्था गरेकोमा प्रतिवेदनमा उल्लेख गर्नुपर्ने अन्य व्यवस्था थप गर्न आवश्यक रहेको | बार्षिक प्रतिवेदनमा उल्लेख गर्नुपर्ने अन्य आवश्यक व्यवस्था ऐन अन्तर्गत वन्ने नियमावलीले गर्ने । | बार्षिक प्रतिवेदनमा उल्लेख गर्नुपर्ने अन्य आवश्यक व्यवस्था ऐन अन्तर्गत वन्ने नियमावलीले गरी प्रतिवेदनको मामान्य स्वरुप निर्धारण भएको हुने । |
| ७ | दफा २१ को खण्ड (ठ) | कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार लाई थप गर्न | ऐनमा लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त ऐन अन्तर्गत बन्ने नियमावलीले कार्यकारी निर्देशकको थप काम, कर्तव्य र अधिकार स्पष्ट गर्ने । | कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकारमा थप प्रष्टता आई कार्य संचालनमा सहज हुने । |
| ८ | दफा २५ को उपदफा (३) | केन्द्रका कर्मचारीहरुको नियुक्ति, सेवाका शर्त र सुविधा सम्बन्धी व्यवस्था गर्न आवश्यक रहेको | केन्द्रका कर्मचारीहरुको नियुक्ति, सेवाका शर्त र सुविधा सम्बन्धी व्यवस्था ऐन अन्तर्गत वन्ने नियमावलीले र निर्देशिकाले गर्ने । | कर्मचारीहरुको नियुक्ति, सेवाका शर्त र सुविधा सम्बन्धमा प्रष्टता आउने। |
| ९ | दफा २६ को उपदफा (२) | सुरक्षण मुद्रण सम्बन्धी प्रेस,मेसिनरी,यन्त्र वा उपकरण पैठारी गर्ने प्रकृया तथा यस सम्बन्धी अन्य व्यवस्था नियमावलीबाट गर्न आवश्यक भएको | सुरक्षण मुद्रण सम्बन्धी प्रेस,मेसिनरी,यन्त्र वा उपकरण पैठारी गर्ने प्रकृया तथा यस सम्बन्धी अन्य व्यवस्था नियमावलीले गर्ने । | सुरक्षण मुद्रण सम्बन्धी प्रेस,मेसिनरी,यन्त्र वा उपकरण पैठारी गर्ने प्रकृया तथा यस सम्बन्धी अन्य स्पष्ट व्यवस्था नियमावलीले गरेको हुने । |
| १० | दफा ४३ | यो ऐन कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्ने व्यवस्था गर्न आवश्यक भएको | नेपाल सरकारले यस ऐन कार्यान्वयन गर्न आवश्यक पर्ने नियमहरु बनाउनेछ । | नेपाल सरकारले यस ऐन कार्यान्वयन गर्न आवश्यक पर्ने नियमहरु नियमावली मार्फत बनाएको हुने । |
| ११ | दफा ४४ | यो ऐन वा ऐन अन्तर्गत बन्ने नियमावलीको अधिनमा रहि केन्द्रले आवश्यक विनियम वा कार्यविधि बनाउन सक्ने व्यवस्था गर्न आवश्यक भएको | यो ऐन वा ऐन अन्तर्गत बन्ने नियमावलीको अधिनमा रहि केन्द्रले आवश्यकता अनुसार केन्द्रका कार्यकारी निर्देशक तथा कर्मचारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा | केन्द्रले आवश्यकता अनुसार केन्द्रका कार्यकारी निर्देशक तथा कर्मचारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा |

| | | | | |
|---|---|---|---|---|
| | | | तथा केन्द्रको कार्य सञ्चालनका सम्बन्धमा आवश्यक विनियम वा केन्द्रले गर्ने सुरक्षण मुद्रण सम्बन्धी कामलाई व्यवस्थित गर्न आवश्यक कार्यविधि बनाउन सक्ने व्यवस्था गर्न आवश्यक भएको बनाउनेछ । | तथा केन्द्रको कार्य सञ्चालनका सम्बन्धमा आवश्यक विनियम वा केन्द्रले गर्ने सुरक्षण मुद्रण सम्बन्धी कामलाई व्यवस्थित गर्न आवश्यक कार्यविधि बनाएको हुने । |

# सुरक्षण मुद्रण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रस्तावनाः सुरक्षण मुद्रण सामग्रीको देशभित्र नै सुरक्षित, भरपर्दो र गुणस्तरीय मुद्रणको लागि सुरक्षण मुद्रण केन्द्रको स्थापना तथा सञ्चालन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "सुरक्षण मुद्रण सम्बन्धी ऐन, २०७७" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकतीसौं दिनदेखि प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले दफा ६ बमोजिमको सञ्चालक समितिको अध्यक्ष सम्झनु पर्छ।

(ख) "उत्पादन स्थल" भन्नाले सुरक्षण मुद्रण सामग्री तयार गर्ने, डिजाईन गर्ने, प्रि-प्रेसको कार्य गर्ने, छपाई वा उत्पादन गर्ने वा छापिएका वा उत्पादित सुरक्षण मुद्रण सामग्रीको भण्डारण गर्ने स्थल सम्झनु पर्छ र सो शब्दले सुरक्षण मुद्रण सामग्रीको लागि आवश्यक पर्ने कागज वा कच्चा पदार्थ बनाउने उद्योगलाई समेत जनाउँछ ।

(ग) "कार्यकारी निर्देशक" भन्नाले दफा १८ बमोजिमको कार्यकारी निर्देशक सम्झनु पर्छ।

(घ) "कार्यालय" भन्नाले केन्द्रको केन्द्रीय कार्यालय सम्झनु पर्छ र सो शब्दले केन्द्र अन्तर्गतको कार्यालयलाई समेत जनाउँछ ।

(ङ) "केन्द्र" भन्नाले दफा ३ बमोजिमको सुरक्षण मुद्रण केन्द्र सम्झनु पर्छ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(छ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सम्झनु पर्छ ।

(ज) "वैयक्तिकरण" भन्नाले नेपाल सरकार वा नेपाल सरकारको सम्बन्धित निकायबाट प्रचलित कानून बमोजिम जारी हुने नागरिकताको प्रमाणपत्र, राहदानी, राष्ट्रिय परिचयपत्र वा अन्य यस्तै प्रकारका लिखत वा कार्डमा उल्लेख गरिएको सम्बन्धित व्यक्तिको वैयक्तिक विवरण सम्झनु पर्छ र सो शव्दले सम्बन्धित व्यक्तिको वैयक्तिक विवरण प्रविष्ट गर्ने कार्यलाई समेत जनाउँछ ।

(झ) "सञ्चालक समिति" भन्नाले दफा ६ बमोजिमको सञ्चालक समिति सम्झनु पर्छ।

(ञ) "सदस्य" भन्नाले सञ्चालक समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले सञ्चालक समितिको अध्यक्षलाई समेत जनाउँछ।

(ट) "सुरक्षण मुद्रण" भन्नाले अनधिकृत व्यक्तिले हुबहु नक्कल गर्न नसक्ने गरी विशेष चिन्ह, प्रक्रिया, प्रविधि र विशेष प्रकारको मसी, कागज जस्ता छपाई सामग्री प्रयोग गरी सुरक्षाको प्रत्याभूतिका साथ सुरक्षण मुद्रण सामग्रीको मुद्रण गर्ने कार्य सम्झनु पर्छ ।

(ठ) "सुरक्षण मुद्रण सामग्री" भन्नाले प्रयोगका लागि तयार गरिएको नागरिकताको प्रमाणपत्र, राहदानी, राष्ट्रिय परिचयपत्र, बैङ्क नोट, भिसा स्टिकर, हुलाक टिकट, अन्तः शुल्क स्टिकर, सवारी चालक अनुमतिपत्र, जग्गाधनी दर्ता प्रमाणपूर्जा वा डिजिटल नक्सा सम्झनु पर्छ र सो शब्दले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सुरक्षण मुद्रण सामग्री भनी तोकिदिएका अन्य सामग्रीलाई समेत जनाउँछ ।

## परिच्छेद - २

## केन्द्रको स्थापना तथा काम, कर्तव्य र अधिकार

३. केन्द्रको स्थापनाः (१) सुरक्षण मुद्रण सामग्रीको छपाई सम्बन्धी कार्य गर्न सुरक्षण मुद्रण केन्द्रको स्थापना गरिएको छ ।

(२) केन्द्रको केन्द्रीय कार्यालय नेपाल सरकारले तोकेको स्थानमा रहनेछ ।

(३) केन्द्रले आवश्यकता अनुसार नेपालभित्र अन्य कार्यालय खोल्न सक्नेछ ।

४. केन्द्र स्वशासित संस्था हुनेः (१) केन्द्र अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ।

(२) केन्द्रको काम कारबाहीको निमित्त एउटा छुट्टै छाप हुनेछ ।

(३) केन्द्रले यस ऐनको अधीनमा रही चल, अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, राख्न, बेचबिखन गर्न र यस्तै अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) केन्द्रले आफ्नो नामबाट नालिस उजुर गर्न र केन्द्रउपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

(५) केन्द्रले व्यक्ति सरह करार गर्न, करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ ।

५. केन्द्रको काम, कर्तव्य र अधिकारः यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सुरक्षण मुद्रण सामग्रीको प्रबन्ध तथा तयारी गर्ने र सुरक्षण मुद्रण सामग्री मुद्रण गर्ने,

(ख) केन्द्रको छापाखाना, उत्पादनस्थल वा तयार भएका सुरक्षण मुद्रण सामग्रीको विश्वसनीय र भरपर्दो सुरक्षाको व्यवस्था गर्ने,

(ग) सुरक्षण मुद्रण सम्बन्धी सेवा प्रदान गर्ने सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बोलपत्रमा भाग लिने,

(घ) सुरक्षण मुद्रणको काममा बाधा नपुग्ने गरी अन्य छपाई सम्बन्धी काम गर्ने,

(ङ) सुरक्षण मुद्रण सम्बन्धमा आवश्यक अध्ययन, अनुसन्धान गर्ने वा गराउने,

(च) नेपाल सरकारको स्वीकृति लिई सुरक्षण मुद्रण सम्बन्धी अन्तर्राष्ट्रिय व्यावसायिक संगठनको सदस्यता लिने,

(छ) सुरक्षण मुद्रणको कार्यलाई भरपर्दो र विश्वसनीय बनाउने सम्बन्धमा नीति निर्माण गर्न नेपाल सरकारलाई आवश्यक सुझाव दिने,

(ज) सुरक्षण मुद्रण सम्बन्धी अन्य आवश्यक कार्य गर्ने वा गराउने ।

परिच्छेद - ३

## सञ्चालक समितिको गठन तथा काम, कर्तव्य र अधिकार

६. सञ्चालक समितिको गठनः (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम केन्द्रको तर्फबाट गर्नु पर्ने सम्पूर्ण काम, कारबाहीको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्न देहाय बमोजिमको एक सञ्चालक समिति रहनेछः-

(क) सचिव, मन्त्रालय - अध्यक्ष

(ख) सहसचिव, अर्थ मन्त्रालय - सदस्य

(ग) सहसचिव, गृह मन्त्रालय - सदस्य

(घ) सहसचिव, परराष्ट्र मन्त्रालय - सदस्य

(ङ) मान्यताप्राप्त विश्वविद्यालयबाट विज्ञान, व्यवस्थापन, इन्जिनियरिङ्ग, वाणिज्य शास्त्र वा सूचना प्रविधि विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको र सम्बन्धित विषयमा कम्तीमा सात वर्षको कार्य अनुभव भएका व्यक्तिहरु मध्येबाट मन्त्रालयले मनोनीत गरेको कम्तीमा एक जना महिला सहित दुई जना -सदस्य

(च) कार्यकारी निर्देशक -सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (ङ) बमोजिमका सदस्यको पदावधि चार वर्षको हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनीत सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा वा केन्द्रको हित विपरीत कुनै काम गरेमा मन्त्रालयले निजलाई पदबाट हटाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम पदबाट हटाउनु अघि निजलाई सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

७. सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) केन्द्रको नीति, योजना, बजेट तथा कार्यक्रम स्वीकृत गर्ने,

(ख) केन्द्रले प्रदान गर्ने सेवाको शुल्क निर्धारण गर्ने,

(ग) केन्द्रको सुरक्षाको लागि सम्बन्धित निकायसँग आवश्यक समन्वय गर्ने,

(घ) केन्द्रमा कार्यरत कर्मचारीको लागि आचार संहिता बनाई लागू गर्ने,

(ङ) सुरक्षण मुद्रण सामग्रीको उत्पादनस्थल लगायत प्रशासनिक कार्यको अनुगमन, निरीक्षण तथा सुरक्षा व्यवस्था सम्बन्धी नीतिगत कार्य गर्ने, र

(च) तोकिए बमोजिमका अन्य काम गर्ने ।

८. सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधिः (१) सञ्चालक समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) सञ्चालक समितिको सदस्य-सचिवले बैठकको कार्यसूची सहितको सूचना बैठक वस्नु भन्दा कम्तीमा चौबीस घण्टा अगावै सबै सदस्यलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) सञ्चालक समितिले आवश्यकता अनुसार कुनै विशेषज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

तर त्यस्तो आमन्त्रित विशेषज्ञलाई मत दिने अधिकार हुने छैन ।

(४) सञ्चालक समितिको कूल सदस्य संख्याको बहुमत सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) सञ्चालक समितिको बैठकमा बहुमतको राय सञ्चालक समितिको निर्णय मानिनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(६) अध्यक्ष र सदस्य-सचिवले बैठकको निर्णय प्रमाणित गर्नु पर्नेछ ।

(७) सञ्चालक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सञ्चालक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(८) सदस्यले सञ्चालक समितिको वैठकमा भाग लिए बापत मन्त्रालयको स्वीकृतिमा सञ्चालक समितिले तोके बमोजिमको बैठक भत्ता पाउनेछ ।

परिच्छेद-४

## सुरक्षण मुद्रण सम्बन्धी व्यवस्था

९. सरकारी सुरक्षण मुद्रण सम्बन्धी कार्य केन्द्रले गर्ने: (१) यो ऐन प्रारम्भ भए पछि सुरक्षण मुद्रण, सो सम्बन्धी प्रेस मेशिनरी, यन्त्र वा उपकरण बनाउने वा पैठारी गर्ने, सुरक्षण मुद्रणमा प्रयोग हुने वाटर मार्क वा सेक्युरिटि थ्रेड भएको कागज बनाउने वा पैठारी गर्ने, डाई, प्लेट वा उपकरण बनाउने, उत्पादन गर्ने वा पैठारी गर्ने लगायतका सुरक्षण मुद्रण सम्बन्धी सम्पूर्ण काम केन्द्रले मात्र गर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि केन्द्रले सुरक्षण मुद्रण सम्बन्धी कार्य सञ्चालन नगरेसम्म सुरक्षण मुद्रण सामग्री प्रचलित कानून बमोजिम मुद्रण गर्न वा गराउन सकिनेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नागरिकता, राहदानी र बैङ्क नोट बाहेकका अन्य सुरक्षण सामग्री सम्बन्धी काम गर्ने गरी नेपाल सरकारले अन्य व्यक्ति वा निकायलाई स्वीकृति दिन सक्नेछ।

१०. माग र स्पेसिफिकेशन पठाउनु पर्ने: (१) सुरक्षण मुद्रण सामग्री निष्काशन गर्ने, जारी गर्ने वा प्रयोगमा ल्याउने सम्बन्धित सरकारी निकायले एक आर्थिक वर्षको लागि आफ्नो कार्य सम्पादन गर्न आवश्यक पर्ने सुरक्षण मुद्रण सामग्रीको माग प्रक्षेपण गरी सोको माग र स्पेसिफिकेशन सुरक्षण मुद्रण गर्नु भन्दा कम्तीमा छ महिना अगावै केन्द्रमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विशेष अवस्था परी सुरक्षण मुद्रण सामग्री आवश्यक हुन गएमा सम्बन्धित सरकारी निकायले त्यसको कारण खुलाई सुरक्षण मुद्रणको लागि केन्द्रमा अनुरोध गर्न सक्नेछ ।

११. सुरक्षण मुद्रण गरी आपूर्ति गर्नु पर्ने: केन्द्रले दफा १० बमोजिम माग र स्पेसिफिकेशन प्राप्त भएपछि माग गर्ने सम्बन्धित सरकारी निकायसँग समन्वय गरी त्यस्तो निकायको माग बमोजिम सुरक्षण मुद्रण सामग्रीको सुरक्षण मुद्रण गरी आपूर्ति गर्नु पर्नेछ ।

१२. सुरक्षण मुद्रण प्रविधि, सामग्री तथा चिन्हः (१) केन्द्रले सुरक्षण मुद्रण गर्दा आवश्यकता अनुसार उपयुक्त प्रविधि, सुरक्षण मुद्रण सामग्री र चिन्हको छनौट गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रविधि, सुरक्षण मुद्रण सामग्री र चिन्हको छनौट सुरक्षण मुद्रण सामग्रीको सुरक्षण मुद्रण गर्न वा तयार गर्न लगाउने सरकारी निकाय र केन्द्र बीचको आपसी सहमतिबाट गर्नु पर्नेछ ।

(३) सुरक्षण मुद्रणको प्रविधि, सुरक्षण मुद्रण सामग्री तथा चिन्हको छनौट सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१३. जानकारी गराउनु पर्नेः (१) केन्द्रले कुनै कारणवश कुनै खास किसिमको सुरक्षण मुद्रण सामग्रीको मुद्रण गर्न नसक्ने भएमा त्यसको जानकारी दफा १० बमोजिम माग प्राप्त भएको पन्ध्र दिनभित्र सम्बन्धित सरकारी निकायलाई दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जानकारी प्राप्त भएमा त्यस्तो सरकारी निकायले प्रचलित कानून बमोजिम सुरक्षण मुद्रण सम्बन्धमा आवश्यक व्यवस्था गर्न सक्नेछ ।

१४. सुरक्षण मुद्रण सामग्री, पूर्वाधार तथा उत्पादन स्थलको सुरक्षाः नेपाल सरकारले केन्द्रको अनुरोधमा सुरक्षण मुद्रण सामग्री, सुरक्षण मुद्रणको लागि आवश्यक पर्ने पूर्वाधार, उत्पादन स्थल तथा सुरक्षण मुद्रण सामग्रीको ढुवानीको सुरक्षाको लागि आवश्यक व्यवस्था गर्नेछ ।

## परिच्छेद - ५

## केन्द्रको कोष, लेखा, लेखापरीक्षण तथा वार्षिक प्रतिवेदन

१५. केन्द्रको कोषः (१) केन्द्रको नाममा एउटा छुट्टै कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहनेछन्:-

(क) सुरक्षण मुद्रणको कार्य गरे बापत प्राप्त हुने शुल्क,

(ख) नेपाल सरकारबाट प्राप्त अनुदान,

(ग) अन्तर्राष्ट्रिय संघसंस्थाबाट प्राप्त सहयोग रकम ।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ ।

(४) केन्द्रको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिने छ।

(५) कोष सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१६. <u>केन्द्रको लेखा तथा लेखापरीक्षण:</u> (१) केन्द्रको आय-व्ययको लेखा नेपाल सरकारको स्वीकृत ढाँचा बमोजिम राखिनेछ।

(२) प्रचलित संघीय कानून बमोजिम केन्द्रको कोषको आन्तरिक लेखापरीक्षण गराउनु पर्नेछ।

(३) केन्द्रको कोषको आय-व्ययको अन्तिम लेखापरीक्षण महालेखा परिक्षकबाट हुनेछ।

(४) मन्त्रालयले जुनसुकै बखत केन्द्रको हिसाब किताब जाँच गर्न वा गराउन सक्नेछ।

१७. <u>वार्षिक प्रतिवेदन सम्बन्धी व्यवस्था:</u> (१) केन्द्रले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा देहायका विवरण समावेश भएको हुनु पर्नेछः-

(क) केन्द्रबाट सम्पादित काम कारबाहीको विवरण,

(ख) केन्द्रको आर्थिक तथा वित्तीय अवस्था सम्बन्धी विवरण,

(ग) लेखा परीक्षण प्रतिवेदनमा उल्लिखित विषय, र

(घ) तोकिए बमोजिमका अन्य विषय ।

## परिच्छेद - ६

## कार्यकारी निर्देशकको नियुक्ति तथा काम, कर्तव्य र अधिकार

१८. कार्यकारी निर्देशकको नियुक्तिः (१) केन्द्रको प्रशासकीय प्रमुखको रुपमा काम गर्न नेपाल सरकारले एक जना कार्यकारी निर्देशकको नियुक्ति गर्नेछ ।

(२) कार्यकारी निर्देशकको पदावधि पाँच वर्षको हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले देहायको अवस्थामा कार्यकारी निर्देशकलाई पदबाट हटाउन सक्नेछः-

(क) कार्यक्षमताको अभाव भएमा,

(ख) खराब आचरण भएमा,

(ग) इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्य पालन नगरेमा,

(घ) कार्य सम्पादन सम्झौता बमोजिम काम नगरेमा,

(ङ) केन्द्रले तयार गर्ने वा तयार गरेका सुरक्षण मुद्रण सामग्रीको गोपनीयता भङ्ग गरेमा,

(च) अनधिकृत व्यक्तिलाई सुरक्षण मुद्रण सम्बन्धी सूचना उपलब्ध गराएमा वा सूचनाको चुहावट गरेमा,

(छ) नेपाल सरकार वा केन्द्रको हित विपरीत हुने कुनै काम गरेमा,

(ज) मानसिक अस्वस्थताको कारणले काम कारबाही गर्न असमर्थ भएमा।

(४) उपदफा (३) बमोजिम कार्यकारी निर्देशकलाई पदबाट हटाउनु अघि सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

१९. कार्यकारी निर्देशकको योग्यताः देहायको योग्यता पुगेको व्यक्ति कार्यकारी निर्देशक पदमा उम्मेदवार हुन योग्य हुनेछः-

(क) नेपाली नागरिक,

(ख) मान्यताप्राप्त विश्व विद्यालयबाट कम्प्युटर इन्जिनियरिङ्ग, इलेक्ट्रिकल इन्जिनियरिङ्ग, इलेक्ट्रोनिक्स इन्जिनियरिङ्ग, मेकानिकल इन्जिनियरिङ्ग वा व्यवस्थापन विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको,

(ग) व्यवस्थापकीय तहमा कम्तीमा सात वर्षको अनुभव हासिल गरेको,

(घ) भविष्यमा सरकारी सेवा वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व रहेको संस्थाको सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त नभएको,

(ङ) भ्रष्टाचार, जवरजस्ती करणी, लैङ्गिक हिंसा, मानव बेचविखन तथा ओसार पसार, लागू औषध, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण, संगठित अपराध वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको र

(च) कुनै विदेशी राष्ट्रको स्थायी आवासीय अनुमतिपत्र वा नागरिकता नलिएको ।

२०. कार्यकारी निर्देशकको पद रिक्त हुनेः देहायको अवस्थामा कार्यकारी निर्देशकको पद रिक्त भएको मानिनेछः-

(क) नेपाल सरकार समक्ष राजीनामा दिएमा,

(ख) पदावधि पूरा भएमा,

(ग) साठी वर्ष उमेर पूरा भएमा,

(घ) दफा १८ को उपदफा (३) बमोजिम पदबाट हटाइएमा,

(ङ) दफा १९ बमोजिमको योग्यता नरहेमा,

(च) मृत्यु भएमा ।

२१. कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकारः कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) केन्द्रको नीति, योजना, कार्यक्रम तथा वार्षिक बजेट तर्जुमा गरी स्वीकृतिका लागि सञ्चालक समिति समक्ष पेश गर्ने,

(ख) सञ्चालक समितिबाट स्वीकृत नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने वा गराउने,

(ग) केन्द्रको काम कारबाहीका सम्बन्धमा अन्य निकायसँग समन्वय गर्ने,

(घ) सञ्चालक समितिका निर्णय कार्यान्वयन गर्ने वा गराउने,

(ङ) केन्द्रको वार्षिक प्रतिवेदन लगायत अन्य प्रतिवेदन तयार गरी सञ्चालक समितिमा पेश गर्ने,

(च) केन्द्रबाट सम्पादन गरिने कामको अनुगमन गर्ने वा गराउने,

(छ) सुरक्षण मुद्रण सामग्री उत्पादन स्थलको बाह्य तथा आन्तरिक सुरक्षाको आवश्यक व्यवस्था मिलाउने,

(ज) उत्पादन गरिएका वा भण्डारणमा रहेका वा सम्बन्धित निकायलाई हस्तान्तरण गरिएका प्रत्येक सुरक्षण मुद्रण सामग्रीको अभिलेख दुरुस्त राख्न लगाउने,

(झ) मुद्रणको लागि आदेश प्राप्त भएका सुरक्षण मुद्रण सामग्रीको शुल्क निर्धारणका लागि समितिमा पेश गर्ने,

(ञ) सुरक्षण मुद्रण सामग्रीको उत्पादन, भण्डारण, ढुवानी, हस्तान्तरण, अभिलेखिकरण सम्बन्धी काम गर्ने वा गराउने,

(ट) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम सञ्चालक समितिले प्रत्यायोजन गरेका काम गर्ने, र

(ठ) तोकिए बमोजिमका अन्य काम गर्ने वा गराउने ।

२२. <u>कार्य सम्पादन सम्झौता गर्नु पर्नेः</u> (१) कार्यकारी निर्देशकले मन्त्रालयको सचिवसँग कार्य सम्पादन सम्झौता गर्नु पर्नेछ ।

(२) कार्य सम्पादन सम्झौतामा कार्यकारी निर्देशकका काम मापन गर्न सकिने शर्तहरु उल्लेख गरिएको हुनु पर्नेछ ।

२३. कार्यकारी निर्देशकको पारिश्रमिक तथा अन्य सुविधाः कार्यकारी निर्देशकले नेपाल सरकारले तोके बमोजिमको पारिश्रमिक तथा अन्य सुविधा पाउनेछ ।

२४. अन्यत्र कार्य गर्न नहुनेः कार्यकारी निर्देशकले अन्यत्र कुनै पनि प्रकारको नोकरी गर्न, आर्थिक लाभ वा कुनै सुविधा प्राप्त गर्ने गरी परामर्शदाता, सल्लाहकार, विशेषज्ञ वा कुनै हैसियतले सेवा प्रदान गर्ने कार्य गर्नु हुँदैन।

२५. केन्द्रका कर्मचारीः (१) केन्द्रले आफ्नो काम कारबाही सञ्चालन गर्नको लागि आवश्यक संख्यामा कर्मचारी नियुक्ति गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका कर्मचारीहरुको नियुक्ति, सेवाका शर्त, पारिश्रमिक तथा अन्य सुविधा तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि केन्द्रमा आफ्नै कर्मचारी नियुक्ति नभएसम्मको लागि वा केन्द्रको अनुरोधमा नेपाल सरकारले नेपाल सरकार वा नेपाल सरकारको अधिकांश स्वामित्व भएको कुनै सार्वजनिक संस्थाका कर्मचारीलाई केन्द्रबाटै तलब भत्ता पाउने गरी काम गर्न काजमा खटाउन सक्नेछ ।

२६. स्वीकृति लिनु पर्नेः (१) केन्द्रले तोकिए बमोजिमको सुरक्षण मुद्रण सम्बन्धी प्रेस, मेसिनरी, यन्त्र वा उपकरण पैठारी गर्न मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको स्वीकृति प्रदान गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-७

## कसूर तथा सजाय

२७. सुरक्षण मुद्रण सम्बन्धी काम गर्न नहुनेः (१) केन्द्र बाहेक कसैले पनि यस ऐन विपरीत सुरक्षण मुद्रण सामग्री छाप्ने, सो सम्बन्धी प्रेस, मेशिनरी, यन्त्र वा उपकरण बनाउने वा पैठारी गर्ने लगायतका सुरक्षण मुद्रण सम्बन्धी काम गर्न हुँदैन ।

(२) उपदफा (१) को प्रतिकूल हुने गरी कसैले सुरक्षण मुद्रण सामग्री छापेमा त्यस्तो सामग्री जफत गरी चार वर्षसम्म कैद वा चार लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(३) उपदफा (१) को प्रतिकूल हुने गरी कसैले सो उपदफा बमोजिमको प्रेस, मेसिनरी, यन्त्र वा उपकरण बनाएमा वा पैठारी गर्ने लगायत सुरक्षण मुद्रण सम्बन्धी काम गरेमा त्यस्तो प्रेस, मेसिनरी, यन्त्र वा उपकरण जफत गरी दुई वर्षसम्म कैद वा दुई लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

२८. <u>वाटर मार्क वा सेक्युरिटि थ्रेड भएको कागज बनाउन वा पैठारी गर्न नहुने:</u> (१) केन्द्र बाहेक कसैले पनि केन्द्रले सुरक्षण मुद्रणको लागि प्रयोगमा ल्याउने वा ल्याएको चिन्ह वा अक्षर भएको वाटर मार्क वा सेक्युरिटि थ्रेड भएको कागज बनाउन वा पैठारी गर्न हुँदैन ।

(२) उपदफा (१) को प्रतिकूल हुने गरी कसैले वाटर मार्क वा सेक्युरिटि थ्रेड भएको कागज बनाएमा वा पैठारी गरेमा त्यस्तो कागज जफत गरी तीन वर्षसम्म कैद वा तीन लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

२९. <u>डाई, प्लेट वा उपकरण बनाउन वा पैठारी गर्न नहुने:</u> (१) कसैले पनि केन्द्रले सुरक्षण मुद्रण गरे जस्तै देखिने गरी मुद्रण गर्ने प्रयोजनको लागि डाई, प्लेट वा सो सम्बन्धी उपकरण बनाउन वा पैठारी गर्न हुँदैन।

(२) उपदफा (१) को प्रतिकूल हुने गरी कसैले त्यस्तो सामग्री तयार गर्ने डाई, प्लेट वा सो सम्बन्धी उपकरण बनाएमा वा पैठारी गरेमा त्यस्ता सामग्री जफत गरी तीन वर्षसम्म कैद वा तीन लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

३०. <u>माग भन्दा बढी मुद्रण गर्न नहुने:</u> (१) दफा ११ बमोजिम सुरक्षण मुद्रण गर्दा सम्बन्धित सरकारी निकायको माग भन्दा बढी सुरक्षण मुद्रण गर्न हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नमूना परीक्षणको लागि वा प्राविधिक त्रुटी हुन गई माग भन्दा बढी छपाई हुन गएमा त्यस्तो बढी सुरक्षण मुद्रण सामग्री मुचुल्का खडा गरी तुरुन्त नष्ट गर्नु पर्नेछ ।

(३) उपदफा (१) वा (२) विपरीत सम्बन्धित सरकारी निकायको माग भन्दा बढी सुरक्षण मुद्रण गरेमा वा बढी भएको सुरक्षण मुद्रण सामग्री नष्ट नगरेमा पाँच वर्ष सम्म कैद वा पाँच लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

३१. <u>गोपनीयता भङ्ग गर्न नहुने:</u> (१) कसैले पनि कानून बमोजिम तोकिएको अधिकारीलाई बाहेक अन्य कसैलाई सुरक्षण मुद्रण सामग्रीको स्पेसिफिकेशनको बारेमा जानकारी दिन वा सो सम्बन्धी गोपनीयता भङ्ग गर्न हुँदैन ।

(२) उपदफा (१) को प्रतिकूल हुने गरी कसैले सुरक्षण मुद्रण सामग्रीको स्पेसिफिकेशनको बारेमा जानकारी दिएमा वा गोपनीयता भङ्ग गरेमा तीन वर्षसम्म कैद वा तीन लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

३२. <u>अनधिकृत तरिकाले परिसर बाहिर लैजान नहुने:</u> (१) अख्तियारवाला अधिकारीको लिखित आदेश भएको अवस्थामा बाहेक कसैले पनि केन्द्रको उत्पादनस्थल, छापाखाना वा भण्डारण गरिएको स्थानबाट अनधिकृत तरिकाले सुरक्षण मुद्रण सामग्री बाहिर लैजान हुँदैन ।

(२) उपदफा (१) को प्रतिकूल हुने गरी कसैले केन्द्रको उत्पादनस्थल, छापाखाना वा भण्डारण गरिएको स्थानबाट अनधिकृत तरिकाले सुरक्षण मुद्रण सामग्री बाहिर लगेमा त्यस्तो व्यक्तिलाई तीन वर्षसम्म कैद वा सो सामग्रीको विगो खुलेकोमा विगो असुल गरी बिगो बमोजिम जरिबाना वा दुबै सजाय र विगो नखुलेकोमा तीन बर्षसम्म कैद वा तीन लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

३३. <u>वैयक्तिकरण नगरिएका खाली सुरक्षण मुद्रण सामग्री अनधिकृत तरिकाले बाहिर लैजान नहुने:</u> (१) कसैले पनि वैयक्तिकरण नगरिएका खाली सुरक्षण मुद्रण सामग्री अनधिकृत तरिकाले केन्द्रको उत्पादनस्थल, छापाखाना वा भण्डारण गरिएको स्थानबाट बाहिर लैजान हुँदैन ।

(२) उपदफा (१) को प्रतिकूल हुने गरी कसैले वैयक्तिकरण नगरिएका खाली सुरक्षण मुद्रण सामग्री अनधिकृत तरिकाले केन्द्रको उत्पादनस्थल, छापाखाना वा भण्डारण गरिएको स्थानबाट बाहिर लगेमा त्यस्तो व्यक्तिलाई एक वर्षसम्म कैद वा सो सामग्रीको विगो खुलेकोमा विगो असुल गरी बिगो बमोजिम जरिबाना वा दुबै सजाय र विगो नखुलेकोमा एक बर्षसम्म कैद वा एक लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

३४. वैयक्तिकरण गरिएका सुरक्षण मुद्रण सामग्री अनधिकृत व्यक्तिलाई बुझाउन नहुनेः (१) कसैले पनि केन्द्रमा वैयक्तिकरण गरिएका सुरक्षण मुद्रण सामग्री अनधिकृत व्यक्तिलाई बुझाउनु हुँदैन ।

(२) उपदफा (१) को प्रतिकूल हुने गरी कसैले वैयक्तिकरण गरिएका सुरक्षण मुद्रण सामग्री अनधिकृत व्यक्तिलाई बुझाएमा एक वर्षसम्म कैद वा सो सामग्रीको विगो खुलेकोमा विगो असुल गरी बिगो बमोजिम जरिबाना वा दुबै सजाय र विगो नखुलेकोमा एक बर्षसम्म कैद वा एक लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

३५. नेपाल सरकार वादी हुनेः यस परिच्छेद बमोजिम सजाय हुने मुद्दा नेपाल सरकार वादी भई चल्नेछ र त्यस्तो मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा समावेश भएको मानिनेछ ।

## परिच्छेद - ८

## विविध

३६. उद्योग स्थापना गर्न सक्नेः केन्द्रले सुरक्षण मुद्रण सामग्री मुद्रणको लागि आवश्यक पर्ने कागज, धागो, रसायन लगायत कच्चा पदार्थको उत्पादन गर्न मन्त्रालयको स्वीकृति लिई उद्योग स्थापना गर्न सक्नेछ ।

३७. अधिकार प्रत्यायोजनः सञ्चालक समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारहरुमध्ये केही अधिकार आवश्यकता अनुसार अध्यक्ष, सदस्य वा कार्यकारी निर्देशकलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३८. निहित व्यक्तिगत स्वार्थको उपयोगमा बन्देजः (१) केन्द्रको काम कारबाहीसँग आफ्नो वा आफ्नो परिवारको सदस्य वा नजिकको नातेदारको प्रत्यक्ष वा अप्रत्यक्ष कुनै व्यापारिक स्वार्थ भएमा सदस्यले सो विषयमा सञ्चालक समितिलाई जानकारी दिनु पर्नेछ ।

(२) सदस्यको निजी स्वार्थ भएको कुनै प्रस्ताव उपर सञ्चालक समितिमा छलफल हुँदा त्यस्तो सदस्यले भाग लिन पाउने छैन ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "नातेदार" भन्नाले सदस्यको पति, पत्नी, छोरा, छोरी, बाबु, आमा, सौतेनी आमा, बाजे, बज्यै, सासु, ससुरा, दाजु, भाइ, दिदी, बहिनी, भाउजु, बुहारी, जेठाजु, देवर,

जेठानी, देउरानी, आमाजू, नन्द, काका, काकी, ठूलोबुबा, ठूलीआमा, सानोबुबा, सानीआमा, भतिजा, भतिजी, भाञ्जा, भाञ्जी, भिनाजु, ज्वाइँ, मामा, माइज्यू, फुपू, फूपाज्यु, साला, साली र तिनका छोराछोरी सम्झनु पर्छ।

३९. <u>प्रचलित कानून बमोजिम सजाय गर्न बाधा नपर्ने:</u> (१) यस ऐन अन्तर्गत कसूर ठहरिने कुनै कार्य अन्य प्रचलित कानून बमोजिम पनि कसूर ठहरिने रहेछ भने त्यस्तो कसूर उपर छुट्टै कारबाही चलाई सजाय गर्न यस ऐनले बाधा पुऱ्याएको मानिने छैन ।

तर एकै कसूरमा एक भन्दा बढी मुद्दा चलाइने र सजाय गरिने छैन ।

(२) केन्द्रमा कार्यरत कर्मचारीले यस ऐन बमोजिम सजाय हुने कसूर गरेमा निजलाई सेवा सम्बन्धी कानून बमोजिम विभागीय कारबाही समेत हुनेछ ।

४०. <u>आवश्यक सेवामा समावेश भएको मानिने:</u> केन्द्रले गर्ने कार्य प्रचलित कानून बमोजिम आवश्यक सेवाको सूचीमा समावेश भएको मानिनेछ ।

४१. <u>नेपाल सरकारसँग सम्पर्क:</u> केन्द्रले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ।

४२. <u>सहयोग लिन सक्ने:</u> केन्द्रले नेपाल सरकारको स्वीकृति लिएर विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ वा संस्थाबाट सुरक्षण मुद्रण सम्बन्धी मेसिनरी, औजार, यन्त्र, उपकरण तथा प्रविधि र विशेषज्ञता सम्बन्धमा आवश्यक सहयोग लिन सक्नेछ ।

४३. <u>नियम बनाउन सक्ने:</u> यो ऐन कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ।

४४. <u>विनियम वा कार्यविधि बनाउन सक्ने:</u> (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही केन्द्रले आवश्यकता अनुसार केन्द्रका कार्यकारी निर्देशक तथा कर्मचारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा तथा केन्द्रको कार्य सञ्चालनका सम्बन्धमा आवश्यक विनियम बनाउन सक्नेछ।

(२) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही केन्द्रले आवश्यकता अनुसार केन्द्रले गर्ने सुरक्षण मुद्रण सम्बन्धी कामलाई व्यवस्थित गर्न आवश्यक कार्यविधि बनाउन सक्नेछ।

(३) उपदफा (१) बमोजिम विनियम बनाउँदा नेपाल सरकारलाई थप आर्थिक दायित्व पर्ने भएमा नेपाल सरकार, अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ।

४५. खारेजी र बचाउः (१) सुरक्षण मुद्रण विकास समिति (गठन) आदेश, २०७३ खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको गठन आदेश बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

(३) उपदफा (१) बमोजिमको गठन आदेश बमोजिम नियुक्त भएका कार्यकारी निर्देशक र कर्मचारीहरु यसै ऐन बमोजिम नियुक्त भएका मानिनेछन् ।

**सुरक्षण मुद्रण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको व्याख्यात्मक टिप्पणी**

| क्र.स. | दफा | दफा शिर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|
| १. | २ | परिभाषा | यस दफामा ऐनको ठाउँ ठाउँमा दोहोरिएका शब्दहरूको परिभाषा स्पष्ट पार्न आवश्यक शब्दहरुको परिभाषा गरिएको छ। |
| २. | ३ | केन्द्रको स्थापना | यस दफामा सुरक्षण मुद्रण सामग्रीको छपाई सम्बन्धी कार्य गर्न सुरक्षण मुद्रण केन्द्रको स्थापना गर्ने व्यवस्था गरिएको छ। |
| ३. | ४ | केन्द्र स्वशासित संस्था हुने | यस दफामा केन्द्र अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुने, एउटा छुट्टै छाप हुने, केन्द्रले यस ऐनको अधीनमा रही चल, अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, राख्न, बेचबिखन गर्न र यस्तै अन्य किसिमले व्यवस्था गर्न सक्ने, केन्द्रले आफ्नो नामबाट नालिस उजुर गर्न र केन्द्र उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्ने र केन्द्रले व्यक्ति सरह करार गर्न, करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्ने व्यवस्था गरिएको छ। |
| ४. | ५ | केन्द्रको काम, कर्तव्य र अधिकार | यस दफामा केन्द्रको काम, कर्तव्य र अधिकार सुरक्षण मुद्रण सामग्रीको प्रबन्ध तथा तयारी गर्ने र सुरक्षण मुद्रण सामग्री मुद्रण गर्ने, केन्द्रको छापाखाना, उत्पादनस्थल वा तयार भएका सुरक्षण मुद्रण सामग्रीको विश्वसनीय र भरपर्दो सुरक्षाको व्यवस्था गर्ने, सुरक्षण मुद्रण सम्बन्धी सेवा प्रदान गर्ने सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बोलपत्रमा भाग लिने, सुरक्षण मुद्रणको काममा बाधा नपुग्ने गरी अन्य छपाई सम्बन्धी काम गर्ने, सुरक्षण मुद्रण सम्बन्धमा आवश्यक अध्ययन, अनुसन्धान गर्ने वा गराउने, नेपाल सरकारको स्वीकृति लिई सुरक्षण मुद्रण सम्बन्धी अन्तर्राष्ट्रिय व्यावसायिक संगठनको सदस्यता लिने, सुरक्षण मुद्रणको कार्यलाई भरपर्दो र विश्वसनीय बनाउने सम्बन्धमा नीति निर्माण गर्न नेपाल सरकारलाई आवश्यक सुझाव दिने, सुरक्षण मुद्रण सम्बन्धी अन्य आवश्यक कार्य गर्ने वा गराउने व्यवस्था गरिएको छ । |
| ५. | ६ | सञ्चालक समितिको गठन | यस दफामा केन्द्रको तर्फबाट गर्नु पर्ने सम्पूर्ण काम, कारबाहीको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सचिव अध्यक्ष रहने गरी ७ सदस्यीय सञ्चालक समिति रहने लगायतका व्यवस्था गरिएको छ। |

| | | | |
|---|---|---|---|
| ६. | ७ | सञ्चालक समितिको काम, कर्तव्य र अधिकार | यस दफामा सञ्चालक समितिको काम, कर्तव्य र अधिकार केन्द्रको नीति, योजना, बजेट तथा कार्यक्रम स्वीकृत गर्ने, केन्द्रले प्रदान गर्ने सेवाको शुल्क निर्धारण गर्ने, केन्द्रको सुरक्षाको लागि सम्बन्धित निकायसँग आवश्यक समन्वय गर्ने, केन्द्रमा कार्यरत कर्मचारीको लागि आचार संहिता बनाई लागू गर्ने, सुरक्षण मुद्रण सामग्रीको उत्पादनस्थल लगायत प्रशासनिक कार्यको अनुगमन, निरीक्षण तथा सुरक्षा व्यवस्था सम्बन्धी नीतिगत कार्य गर्ने, र तोकिए बमोजिमका अन्य काम गर्ने व्यवस्था गरिएको । |
| ७. | ८ | सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि | यस दफामा सञ्चालक समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्ने, सञ्चालक समितिको सदस्य-सचिवले बैठकको कार्यसूची सहितको सूचना बैठक वस्नु भन्दा कम्तीमा चौबीस घण्टा अगावै सबै सदस्यलाई उपलब्ध गराउनु पर्ने, विशेषज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्ने, आमन्त्रित विशेषज्ञलाई मत दिने अधिकार नहुने, सञ्चालक समितिको कूल सदस्य संख्याको बहुमत सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिने, सञ्चालक समितिको बैठकमा बहुमतको राय सञ्चालक समितिको निर्णय मानिने र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिने, अध्यक्ष र सदस्य-सचिवले बैठकको निर्णय प्रमाणित गर्नु पर्ने, सञ्चालक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सञ्चालक समितिले निर्धारण गरे बमोजिम हुने र सदस्यले सञ्चालक समितिको वैठकमा भाग लिए बापत मन्त्रालयको स्वीकृतिमा सञ्चालक समितिले तोके बमोजिमको बैठक भत्ता पाउने व्यवस्था गरिएको छ। |
| ८. | ९ | सरकारी सुरक्षण मुद्रण सम्बन्धी कार्य केन्द्रले गर्ने | यस दफामा यो ऐन प्रारम्भ भए पछि सुरक्षण मुद्रण, सो सम्बन्धी प्रेस मेशिनरी, यन्त्र वा उपकरण बनाउने वा पैठारी गर्ने, सुरक्षण मुद्रणमा प्रयोग हुने वाटर मार्क वा सेक्युरिटि थ्रेड भएको कागज बनाउने वा पैठरी गर्ने, डाई, प्लेट वा उपकरण बनाउने, उत्पादन गर्ने वा पैठारी गर्ने लगायतका सुरक्षण मुद्रण सम्बन्धी सम्पूर्ण काम केन्द्रले मात्र गर्ने, केन्द्रले सुरक्षण मुद्रण सम्बन्धी कार्य सञ्चालन नगरेसम्म सुरक्षण मुद्रण सामग्री प्रचलित कानून बमोजिम मुद्रण गर्न वा गराउन सकिने, नागरिकता, राहदानी र बैङ्क नोट बाहेकका अन्य सुरक्षण |

| | | | |
|---|---|---|---|
| | | | सामग्री सम्बन्धी काम गर्ने गरी नेपाल सरकारले अन्य व्यक्ति वा निकायलाई स्वीकृति दिन सक्ने व्यवस्थाहरु गरिएको छ। |
| ९. | १० | माग र स्पेसिफिकेशन पठाउनु पर्ने | यस दफामा सुरक्षण मुद्रण सामग्री निष्काशन गर्ने, जारी गर्ने वा प्रयोगमा ल्याउने सम्बन्धित सरकारी निकायले एक आर्थिक वर्षको लागि आफ्नो कार्य सम्पादन गर्न आवश्यक पर्ने सुरक्षण मुद्रण सामग्रीको माग प्रक्षेपण गरी सोको माग र स्पेसिफिकेशन सुरक्षण मुद्रण गर्नु भन्दा कम्तीमा छ महिना अगावै केन्द्रमा पठाउनु पर्ने तथा कुनै विशेष अवस्था परी सुरक्षण मुद्रण सामग्री आवश्यक हुन गएमा सम्बन्धित सरकारी निकायले त्यसको कारण खुलाई सुरक्षण मुद्रणको लागि केन्द्रमा अनुरोध गर्न सक्ने व्यवस्था गरिएको । |
| १०. | ११ | सुरक्षण मुद्रण गरी आपूर्ति गर्नु पर्ने | केन्द्रले दफा १० बमोजिम माग र स्पेसिफिकेशन प्राप्त भएपछि माग गर्ने सम्बन्धित सरकारी निकायसँग समन्वय गरी त्यस्तो निकायको माग बमोजिम सुरक्षण मुद्रण सामग्रीको सुरक्षण मुद्रण गरी आपूर्ति गर्नु पर्ने व्यवस्था गरिएको छ। |
| ११. | १२ | सुरक्षण मुद्रण प्रविधि, सामग्री तथा चिन्ह | यस दफामा केन्द्रले सुरक्षण मुद्रण गर्दा आवश्यकता अनुसार उपयुक्त प्रविधि, सुरक्षण मुद्रण सामग्री र चिन्हको छनौट गर्न सक्ने, प्रविधि, सुरक्षण मुद्रण सामग्री र चिन्हको छनौट सुरक्षण मुद्रण सामग्रीको सुरक्षण मुद्रण गर्न वा तयार गर्न लगाउने सरकारी निकाय र केन्द्र बीचको आपसी सहमतिबाट गर्नु पर्ने र सुरक्षण मुद्रणको प्रविधि, सुरक्षण मुद्रण सामग्री तथा चिन्हको छनौट सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था गरिएको छ। |
| १२. | १३ | जानकारी गराउनु पर्ने | यस दफामा केन्द्रले कुनै कारणवश कुनै खास किसिमको सुरक्षण मुद्रण सामग्रीको मुद्रण गर्न नसक्ने भएमा त्यसको जानकारी माग प्राप्त भएको पन्ध्र दिनभित्र सम्बन्धित सरकारी निकायलाई दिनु पर्ने र जानकारी प्राप्त भएमा त्यस्तो सरकारी निकायले प्रचलित कानून बमोजिम सुरक्षण मुद्रण सम्बन्धमा आवश्यक व्यवस्था गर्न सक्ने व्यवस्था गरिएको छ। |
| १३. | १४ | सूरक्षण मुद्रण सामग्री, पूर्वाधार तथा उत्पादन स्थलको सुरक्षा | यस दफामा नेपाल सरकारले केन्द्रको अनुरोधमा सुरक्षण मुद्रण सामग्री, सुरक्षण मुद्रणको लागि आवश्यक पर्ने पूर्वाधार, उत्पादन स्थल तथा सुरक्षण मुद्रण सामग्रीको ढुवानीको सुरक्षाको लागि आवश्यक व्यवस्था गर्ने व्यवस्था गरिएको छ। |

| | | | |
|---|---|---|---|
| १४. | १५ | केन्द्रको कोष | यस दफामा केन्द्रको नाममा एउटा छुट्टै कोष रहने र कोषमा सुरक्षण मुद्रणको कार्य गरे बापत प्राप्त हुने शुल्क, नेपाल सरकारबाट प्राप्त अनुदान, अन्तर्राष्ट्रिय संघसंस्थाबाट प्राप्त सहयोग रकम रहने, अन्तर्राष्ट्रिय संघसंस्थाबाट सहयोग रकम प्राप्त गर्नु अघि नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिनु पर्ने र केन्द्रको तर्फबाट गरिने सम्पूर्ण खर्च कोषबाट व्यहोरिने तथा कोष सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था गरिएको छ। |
| १५. | १६ | केन्द्रको लेखा तथा लेखापरीक्षण | यस दफामा केन्द्रको आय-व्ययको लेखा नेपाल सरकारको स्वीकृत ढाँचा बमोजिम राखिने, प्रचलित संघीय कानून बमोजिम केन्द्रको कोषको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने, केन्द्रको कोषको आय-व्ययको अन्तिम लेखापरीक्षण महालेखा परिक्षकबाट हुने र मन्त्रालयले जुनसुकै बखत केन्द्रको हिसाब किताब जाँच गर्न वा गराउन सक्ने व्यवस्था गरिएको छ। |
| १६. | १७ | वार्षिक प्रतिवेदन सम्बन्धी व्यवस्था | यस दफामा केन्द्रले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नु पर्ने र प्रतिवेदनमा देहायका विवरण समावेश भएको हुनु पर्ने व्यवस्था गरिएको छ,-<br>(क) केन्द्रबाट सम्पादित काम कारबाहीको विवरण,<br>(ख) केन्द्रको आर्थिक तथा वित्तीय अवस्था सम्बन्धी विवरण,<br>(ग) लेखा परीक्षण प्रतिवेदनमा उल्लिखित विषय, र<br>(घ) तोकिए बमोजिमका अन्य विषय । |
| १७. | १८ | कार्यकारी निर्देशकको नियुक्ति | यस दफामा केन्द्रको प्रशासकीय प्रमुखको रुपमा काम गर्न नेपाल सरकारले एक जना कार्यकारी निर्देशकको नियुक्ति गर्ने, कार्यकारी निर्देशकको पदावधि पाँच वर्षको हुने तथा नेपाल सरकारले देहायको अवस्थामा कार्यकारी निर्देशकलाई पदबाट हटाउन सक्ने व्यवस्थाहरु गरिएको छ,-<br>(क) कार्यक्षमताको अभाव भएमा,<br>(ख) खराब आचरण भएमा,<br>(ग) इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्य पालन नगरेमा,<br>(घ) कार्य सम्पादन सम्झौता बमोजिम काम नगरेमा,<br>(ङ) केन्द्रले तयार गर्ने वा तयार गरेका सुरक्षण मुद्रण सामग्रीको गोपनीयता भङ्ग गरेमा, |

| | | | |
|---|---|---|---|
| | | | (च) अनधिकृत व्यक्तिलाई सुरक्षण मुद्रण सम्बन्धी सूचना उपलब्ध गराएमा वा सूचनाको चुहावट गरेमा,<br>(छ) नेपाल सरकार वा केन्द्रको हित विपरीत हुने कुनै काम गरेमा,<br>(ज) मानसिक अस्वस्थताको कारणले काम कारबाही गर्न असमर्थ भएमा। |
| १८. | १९ | प्रचलित कानून बमोजिम कारबाही गर्न बाधा नपर्ने | यस दफामा कार्यकारी निर्देशक पदमा उम्मेदवार हुन योग्य देहायको योग्यता पुगेको व्यक्ति हुनुपर्ने व्यवस्था गरिएको छ,-<br>(क) नेपाली नागरिक,<br>(ख) मान्यताप्राप्त विश्व विद्यालयबाट कम्प्युटर इन्जिनियरिङ्ग, इलेक्ट्रिकल इन्जिनियरिङ्ग, इलेक्ट्रोनिक्स इन्जिनियरिङ्ग, मेकानिकल इन्जिनियरिङ्ग वा व्यवस्थापन विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको,<br>(ग) व्यवस्थापकीय तहमा कम्तीमा सात वर्षको अनुभव हासिल गरेको,<br>(घ) भविष्यमा सरकारी सेवा वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व रहेको संस्थाको सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त नभएको,<br>(ङ) भ्रष्टाचार, जवरजस्ती करणी, लैङ्गिक हिंसा, मानव बेचविखन तथा ओसार पसार, लागू औषध, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण, संगठित अपराध वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको र<br>(च) कुनै विदेशी राष्ट्रको स्थायी आवासीय अनुमतिपत्र वा नागरिकता नलिएको। |
| १९. | २० | कार्यकारी निर्देशकको पद रिक्त हुने | यस दफामा देहायको अवस्थामा कार्यकारी निर्देशकको पद रिक्त भएको मानिने व्यवस्था गरिएको छ,-<br>(क) नेपाल सरकार समक्ष राजीनामा दिएमा,<br>(ख) पदावधि पूरा भएमा,<br>(ग) साठी वर्ष उमेर पूरा भएमा,<br>(घ) दफा १८ को उपदफा (३) बमोजिम पदबाट हटाइएमा,<br>(ङ) दफा १९ बमोजिमको योग्यता नरहेमा, |

| | | | |
|---|---|---|---|
| | | | (च) मृत्यु भएमा । |
| २०. | २१ | कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार | यस दफामा कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने व्यवस्था गरिएको छ :<br>(क) केन्द्रको नीति, योजना, कार्यक्रम तथा वार्षिक बजेट तर्जुमा गरी स्वीकृतिका लागि सञ्चालक समिति समक्ष पेश गर्ने,<br>(ख) सञ्चालक समितिबाट स्वीकृत नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने वा गराउने,<br>(ग) केन्द्रको काम कारबाहीका सम्बन्धमा अन्य निकायसँग समन्वय गर्ने,<br>(घ) सञ्चालक समितिका निर्णय कार्यान्वयन गर्ने वा गराउने,<br>(ङ) केन्द्रको वार्षिक प्रतिवेदन लगायत अन्य प्रतिवेदन तयार गरी सञ्चालक समितिमा पेश गर्ने,<br>(च) केन्द्रबाट सम्पादन गरिने कामको अनुगमन गर्ने वा गराउने,<br>(छ) सुरक्षण मुद्रण सामग्री उत्पादन स्थलको बाह्य तथा आन्तरिक सुरक्षाको आवश्यक व्यवस्था मिलाउने,<br>(ज) उत्पादन गरिएका वा भण्डारणमा रहेका वा सम्बन्धित निकायलाई हस्तान्तरण गरिएका प्रत्येक सुरक्षण मुद्रण सामग्रीको अभिलेख दुरुस्त राख्न लगाउने,<br>(झ) मुद्रणको लागि आदेश प्राप्त भएका सुरक्षण मुद्रण सामग्रीको शुल्क निर्धारणका लागि समितिमा पेश गर्ने,<br>(ञ) सुरक्षण मुद्रण सामग्रीको उत्पादन, भण्डारण, ढुवानी, हस्तान्तरण, अभिलेखिकरण सम्बन्धी काम गर्ने वा गराउने,<br>(ट) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम सञ्चालक समितिले प्रत्यायोजन गरेका काम गर्ने, र<br>(ठ) तोकिए बमोजिमका अन्य काम गर्ने वा गराउने । |
| २१. | २२ | कार्य सम्पादन सम्झौता गर्नु पर्ने | यस दफामा कार्यकारी निर्देशकले मन्त्रालयको सचिवसँग कार्य सम्पादन सम्झौता गर्नु पर्ने र कार्य सम्पादन सम्झौतामा कार्यकारी निर्देशकका काम मापन गर्न सकिने शर्तहरु उल्लेख गरिएको हुनु पर्ने व्यवस्था गरिएको छ। |

| | | | |
|---|---|---|---|
| २२. | २३ | कार्यकारी निर्देशकको पारिश्रमिक तथा अन्य सुविधा | यस दफामा कार्यकारी निर्देशकले नेपाल सरकारले तोके बमोजिमको पारिश्रमिक तथा अन्य सुविधा पाउने भन्ने व्यवस्था गरिएको छ। |
| २३. | २४ | अन्यत्र कार्य गर्न नहुने | यस दफामा कार्यकारी निर्देशकले अन्यत्र कुनै पनि प्रकारको नोकरी गर्न, आर्थिक लाभ वा कुनै सुविधा प्राप्त गर्ने गरी परामर्शदाता, सल्लाहकार, विशेषज्ञ वा कुनै हैसियतले सेवा प्रदान गर्ने कार्य गर्नु हुँदैन भन्ने व्यवस्था गरिएको । |
| २४. | २५ | केन्द्रका कर्मचारी | यस दफामा देहायको व्यवस्था गरिएको छः-<br>• केन्द्रले आफ्नो काम कारबाही सञ्चालन गर्नको लागि आवश्यक संख्यामा कर्मचारी नियुक्ति गर्न सक्ने<br>• कर्मचारीहरुको नियुक्ति, सेवाका शर्त, पारिश्रमिक तथा अन्य सुविधा तोकिए बमोजिम हुने ।<br>• केन्द्रमा आफ्नै कर्मचारी नियुक्ति नभएसम्मको लागि वा केन्द्रको अनुरोधमा नेपाल सरकारले नेपाल सरकार वा नेपाल सरकारको अधिकांश स्वामित्व भएको कुनै सार्वजनिक संस्थाका कर्मचारीलाई केन्द्रबाटै तलब भत्ता पाउने गरी काम गर्न काजमा खटाउन सक्ने । |
| २५. | २६ | स्वीकृति लिनु पर्ने | यस दफामा केन्द्रले तोकिए बमोजिमको सुरक्षण मुद्रण सम्बन्धी प्रेस, मेसिनरी, यन्त्र वा उपकरण पैठारी गर्न मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्ने र स्वीकृति प्रदान गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था गरिएको छ । |
| २६. | २७ | सुरक्षण मुद्रण सम्बन्धी काम गर्न नहुने | यस दफामा देहायको व्यवस्था गरिएको छः-<br>• केन्द्र बाहेक कसैले पनि यस ऐन विपरीत सुरक्षण मुद्रण सामग्री छाप्ने, सो सम्बन्धी प्रेस, मेशिनरी, यन्त्र वा उपकरण बनाउने वा पैठारी गर्ने लगायतका सुरक्षण मुद्रण सम्बन्धी काम गर्न नहुने र गरेमा त्यस्तो सामग्री जफत गरी चार वर्षसम्म कैद वा चार लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।<br>• कसैले प्रेस, मेसिनरी, यन्त्र वा उपकरण बनाएमा वा पैठारी गर्ने लगायत सुरक्षण मुद्रण सम्बन्धी काम गरेमा त्यस्तो प्रेस, मेसिनरी, यन्त्र वा उपकरण जफत गरी दुई वर्षसम्म कैद वा दुई लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ । |

| | | | |
|---|---|---|---|
| २७. | २८ | वाटर मार्क वा सेक्युरिटि थ्रेड भएको कागज बनाउन वा पैठारी गर्न नहुने | यस दफामा देहायको व्यवस्था गरिएको छः-<br>• केन्द्र बाहेक कसैले पनि केन्द्रले सुरक्षण मुद्रणको लागि प्रयोगमा ल्याउने वा ल्याएको चिन्ह वा अक्षर भएको वाटर मार्क वा सेक्युरिटि थ्रेड भएको कागज बनाउन वा पैठारी गर्न नहुने र गरेमा त्यस्तो कागज जफत गरी तीन वर्षसम्म कैद वा तीन लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ । |
| २८. | २९ | डाई, प्लेट वा उपकरण बनाउन वा पैठारी गर्न नहुने | यस दफामा देहायको व्यवस्था गरिएको छः-<br>• कसैले पनि केन्द्रले सुरक्षण मुद्रण गरे जस्तै देखिने गरी मुद्रण गर्ने प्रयोजनको लागि डाई, प्लेट वा सो सम्बन्धी उपकरण बनाउन वा पैठारी गर्न नहुने र गरेमा त्यस्ता सामग्री जफत गरी तीन वर्षसम्म कैद वा तीन लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ । |
| २९. | ३० | माग भन्दा बढी मुद्रण गर्न नहुने | यस दफामा देहायको व्यवस्था गरिएको छः-<br>• सुरक्षण मुद्रण गर्दा सम्बन्धित सरकारी निकायको माग भन्दा बढी सुरक्षण मुद्रण गर्न हुँदैन ।<br>• नमूना परीक्षणको लागि वा प्राविधिक त्रुटी हुन गई माग भन्दा बढी छपाई हुन गएमा त्यस्तो बढी सुरक्षण मुद्रण सामग्री मुचुल्का खडा गरी तुरुन्त नष्ट गर्नु पर्नेछ ।<br>• सम्बन्धित सरकारी निकायको माग भन्दा बढी सुरक्षण मुद्रण गरेमा वा बढी भएको सुरक्षण मुद्रण सामग्री नष्ट नगरेमा पाँच वर्ष सम्म कैद वा पाँच लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ । |
| ३०. | ३१ | गोपनीयता भङ्ग गर्न नहुने | यस दफामा देहायको व्यवस्था गरिएको छः-<br>• कसैले पनि कानून बमोजिम तोकिएको अधिकारीलाई बाहेक अन्य कसैलाई सुरक्षण मुद्रण सामग्रीको स्पेसिफिकेशनको बारेमा जानकारी दिन वा सो सम्बन्धी गोपनीयता भङ्ग गर्न नहुने र गरेमा तीन वर्षसम्म कैद वा तीन लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ । |
| ३१. | ३२ | अनधिकृत तरिकाले परिसर बाहिर लैजान नहुने | यस दफामा देहाय बमोजिमको व्यवस्था गरिएको छः-<br>• अख्तियारवाला अधिकारीको लिखित आदेश भएको अवस्थामा बाहेक कसैले पनि केन्द्रको उत्पादनस्थल, छापाखाना वा भण्डारण गरिएको स्थानबाट |

| | | | |
|---|---|---|---|
| | | | अनधिकृत तरिकाले सुरक्षण मुद्रण सामग्री बाहिर लैजान नहुने र लगेमा त्यस्तो व्यक्तिलाई तीन वर्षसम्म कैद वा सो सामग्रीको विगो खुलेकोमा विगो असुल गरी बिगो बमोजिम जरिबाना वा दुबै सजाय र विगो नखुलेकोमा तीन बर्षसम्म कैद वा तीन लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ। |
| ३२. | ३३ | वैयक्तिकरण नगरिएका खाली सुरक्षण मुद्रण सामग्री अनधिकृत तरिकाले बाहिर लैजान नहुने | यस दफामा देहायको व्यवस्था गरिएको छः-<br>• कसैले पनि वैयक्तिकरण नगरिएका खाली सुरक्षण मुद्रण सामग्री अनधिकृत तरिकाले केन्द्रको उत्पादनस्थल, छापाखाना वा भण्डारण गरिएको स्थानबाट बाहिर लैजान हुँदैन र लगेमा त्यस्तो व्यक्तिलाई एक वर्षसम्म कैद वा सो सामग्रीको विगो खुलेकोमा विगो असुल गरी बिगो बमोजिम जरिबाना वा दुबै सजाय र विगो नखुलेकोमा एक बर्षसम्म कैद वा एक लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ। |
| ३३. | ३४ | वैयक्तिकरण गरिएका सुरक्षण मुद्रण सामग्री अनधिकृत व्यक्तिलाई बुझाउन नहुने | यस दफामा देहायको व्यवस्था गरिएको छः-<br>• कसैले पनि केन्द्रमा वैयक्तिकरण गरिएका सुरक्षण मुद्रण सामग्री अनधिकृत व्यक्तिलाई बुझाउनु हुँदैन र बुझाएमा एक वर्षसम्म कैद वा सो सामग्रीको विगो खुलेकोमा विगो असुल गरी बिगो बमोजिम जरिबाना वा दुबै सजाय र विगो नखुलेकोमा एक बर्षसम्म कैद वा एक लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ। |
| ३४. | ३५ | नेपाल सरकार वादी हुने | यस दफामा यस ऐन बमोजिम सजाय हुने मुद्दा नेपाल सरकार वादी भई चल्नेछ र त्यस्तो मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा समावेश भएको मानिने व्यवस्था गरिएको छ। |
| ३५. | ३६ | उद्योग स्थापना गर्न सक्ने | यस दफामा केन्द्रले सुरक्षण मुद्रण सामग्री मुद्रणको लागि आवश्यक पर्ने कागज, धागो, रसायन लगायत कच्चा पदार्थको उत्पादन गर्न मन्त्रालयको स्वीकृति लिई उद्योग स्थापना गर्न सक्ने व्यवस्था गरिएको छ । |
| ३६. | ३७ | अधिकार प्रत्यायोजन | यस दफामा सञ्चालक समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारहरुमध्ये केही अधिकार आवश्यकता अनुसार अध्यक्ष, सदस्य वा कार्यकारी निर्देशकलाई प्रत्यायोजन गर्न सक्ने व्यवस्था गरिएको छ। |

| | | | |
|---|---|---|---|
| ३७. | ३८ | निहित व्यक्तिगत स्वार्थको उपयोगमा बन्देज | यस दफामा केन्द्रको काम कारबाहीसँग आफ्नो वा आफ्नो परिवारको सदस्य वा नजिकको नातेदारको प्रत्यक्ष वा अप्रत्यक्ष कुनै व्यापारिक स्वार्थ भएमा सदस्यले सो विषयमा सञ्चालक समितिलाई जानकारी दिनु पर्ने र सदस्यको निजी स्वार्थ भएको कुनै प्रस्ताव उपर सञ्चालक समितिमा छलफल हुँदा त्यस्तो सदस्यले भाग लिन पाउने छैन भन्ने व्यवस्था गरिएको छ। |
| ३८. | ३९ | प्रचलित कानून बमोजिम सजाय गर्न बाधा नपर्ने | यस दफामा यस ऐन अन्तर्गत कसूर ठहरिने कुनै कार्य अन्य प्रचलित कानून बमोजिम पनि कसूर ठहरिने रहेछ भने त्यस्तो कसूर उपर छुट्टै कारबाही चलाई सजाय गर्न यस ऐनले बाधा पुऱ्याएको मानिने छैन तर एकै कसूरमा एक भन्दा बढी मुद्दा चलाइने र सजाय गरिने छैन भन्ने व्यवस्था र केन्द्रमा कार्यरत कर्मचारीले यस ऐन बमोजिम सजाय हुने कसूर गरेमा निजलाई सेवा सम्बन्धी कानून बमोजिम विभागीय कारबाही समेत हुने व्यवस्था गरिएको छ। |
| ३९. | ४० | आवश्यक सेवामा समावेश भएको मानिने | यस दफामा केन्द्रले गर्ने कार्य प्रचलित कानून बमोजिम आवश्यक सेवाको सूचीमा समावेश भएको मानिने व्यवस्था गरिएको छ। |
| ४०. | ४१ | नेपाल सरकारसँग सम्पर्क | यस दफामा केन्द्रले नेपाल सरकारसँग सम्पर्क राख्दा सञ्चार तथा सूचना प्रविधि मन्त्रालय मार्फत राख्नु पर्ने व्यवस्था गरिएको छ। |
| ४१. | ४२ | सहयोग लिन सक्ने | यस दफामा केन्द्रले नेपाल सरकारको स्वीकृति लिएर विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ वा संस्थाबाट सुरक्षण मुद्रण सम्बन्धी मेसिनरी, औजार, यन्त्र, उपकरण तथा प्रविधि र विशेषज्ञता सम्बन्धमा आवश्यक सहयोग लिन सक्ने व्यवस्था गरिएको छ। |
| ४२. | ४३ | नियम बनाउन सक्ने | यस दफामा यो ऐन कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्ने व्यवस्था गरिएको छ। |
| ४३. | ४४ | विनियम वा कार्यविधि बनाउन सक्ने | यस दफामा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही केन्द्रले आवश्यकता अनुसार केन्द्रका कार्यकारी निर्देशक तथा कर्मचारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा तथा केन्द्रको कार्य सञ्चालनका सम्बन्धमा आवश्यक विनियम बनाउन सक्ने तथा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही केन्द्रले आवश्यकता अनुसार केन्द्रले गर्ने सुरक्षण मुद्रण सम्बन्धी कामलाई व्यवस्थित गर्न आवश्यक कार्यविधि बनाउन सक्ने व्यवस्था गरिएको छ। |
| ४४. | ४५ | खारेजी र बचाउ | यस दफामा देहायको व्यवस्था गरिएको छः- |

| | | | |
|---|---|---|---|
| | | | • सुरक्षण मुद्रण विकास समिति (गठन) आदेश, २०७३ खारेज गरिएको छ ।<br>• सुरक्षण मुद्रण विकास समिति (गठन) आदेश, २०७३ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।<br>• गठन आदेश बमोजिम नियुक्त भएका कार्यकारी निर्देशक र कर्मचारीहरु यसै ऐन बमोजिम नियुक्त भएका मानिनेछन् । |